## मिति २०८० माघ ४ गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका वैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : स्थानीय तह संस्थागत स्वमूल्याङ्कन (LISA) को नतिजा अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ३ : स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को नतिजा अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ४ : योजना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ५ : अन्तरपालिका बैठकको निर्णयहरुको जानकारी सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८०/०९/२६ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका वैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरू तुरुन्त कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गरियो ।

निर्णय नं.२ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Capacity Self-Assessment -LISA ) कार्यविधि, २०७७ मा उल्लिखित सूचकहरुको आधारमा मेलम्ची नगरपालिकाबाट आर्थिक वर्ष २०७९/०८० मा सम्पादन गरिएका कार्यहरुको सूचकगत रुपमा स्वमूल्याङ्कन गर्दा ९०.७५ (नब्बे दशमलब पचहत्तर ) अंङ्क प्राप्त भएकोले उक्त अङ्क अनुमोदन गरी स्वीकृतिको लागि सम्बन्धित निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विषय क्षेत्र | समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ३ | ३.५ | २ | ८.५ | |
| २ | संगठन र प्रशासन | २ | ३ | २.५ | ७.५ | |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | २ | ४ | ५ | ११ | |
| ४ | वित्तय तथा आर्थिक व्यवस्थापन | १.७५ | ४ | ५ | १०.७५ | |
| ५ | सेवा प्रवाह | ३ | ४ | ८.५ | १५.५ | |
| ६ | न्यायिक कार्य सम्पादन | १ | ३ | ३ | ७ | |
| ७ | भौतिक पूर्वाधार | ३ | ३.५ | ५ | ११.५ | |
| ८ | सामाजिक समावेशीकरण | २ | ३.५ | १.५ | ७ | |
| ९ | वातावरण तथा विपद् व्यवस्थापन | १ | २ | ४ | ७ | |
| १० | समन्वय र सहकार्य | २ | १ | २ | ५ | |
| **जम्मा** | | २०.७५ | ३१.५ | ३८.५ | ९०.७५ | |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं.३ : मेलम्ची नगरपालिकाबाट आर्थिक वर्ष २०७९/०८० मा सम्पादन गरिएका कार्यहरुको सूचकगत रुपमा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) गरी जिल्ला समन्य समितिको कार्यालय, सिन्धुपाल्चोकमा पेश गरिएकोमा जिल्ला समन्वय समितिको कार्यालयको मूल्याङ्कनबाट मेलम्ची नगरपालिकाले ९४.५ (चौरानब्बे दशमलब पचास ) अंङ्क प्राप्त गरेकोले उक्त अङ्क अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : मेलम्ची नगरपालिका अन्तर्गतको वडा कार्यालयबाट आ.व. २०८०/८१ मा विनियोजन भएको बजेट तथा योजना संशोधनका लागि अनुरोध भई आएकोमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नगर सभाबाट स्वीकृत भएको साविक योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | वडा कार्यालय व्यवस्थापन तथा विविध खर्च, मेनपा ५ | १०,००,०००।– | वडास्तरीय सडक सरसफाई, मेनपा ५ | १०,००,०००।– |
| २ | हल्लारटोल सिरानटोल खानेपानी, मेनपा २ | ५,००,०००।– | हाँसेडाँडा गैराबारी पौडेलटोल एक घर एक धारा खानेपानी, मेनपा २ | ५,००,०००।– |
| ३ | वडा कार्यालय व्यवस्थापन तथा विविध खर्च, मेनपा ३ | ३,५०,०००।– | वडा कार्यालय व्यवस्थापन तथा विविध खर्च, मेनपा ३ | २,२५,०००।– |
| | | | लोकेश्वरी मेला व्यवस्थापन, मेनपा ३ | १,२५,०००।– |

निर्णय नं. ५ : मेलम्ची नगरपालिका, पाँचपोखरी थाङ्पाल गाउँपालिका र हेलम्बु गाउँपालिका बीच विपद् व्यवस्थापन र विपद् प्रभावित निजी आवास निर्माणका सम्बन्धमा अन्तरपालिकास्तरीय वैठक बसी पेश भएको निर्णय कार्यपालिका वैठकमा जानकारी गराइयो ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल